# कृषि तथा वन विज्ञान विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
Agriculture and Forestry University
Office of the Registrar
Rampur, Chitwan, Nepal


च.नं./ Ref. No.:

पत्र संख्या / L.No.:

मिति/Date: २०७८ वैशाख १०

## अपिल

देशको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको सर्वाङ्गीण विकास गर्न र कृषिको आधुनिकिकरण गर्दै ग्रामिण जन समुदायको सामाजिक तथा आर्थिक स्तर बढाउन कृषि, वन, पशु विज्ञान जस्ता क्षेत्रसंग सम्वन्धीत विषयको एकिकृत रुपमा अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुक भित्रै उच्चस्तरको प्राज्ञिक तथा सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न स्थापना भएको कृषि प्रधान देशको एकमात्र प्राविधिक यस कृषि तथा वन विज्ञान विश्वविद्यालय विगत केही महिना देखि विभिन्न प्राध्यापक संघ, संगठन र कर्मचारी संगठनद्वारा विश्वविद्यालय व्यवस्थापन समक्ष मागहरु राखी विश्वविद्यालय केन्द्रीय कार्यालय एवं अन्य निकायहरुमा गरिएको तालावन्दी प्रति विश्वविद्यालय परिवारको गम्भीर ध्यानाकर्षन हुनुका साथै सम्वन्धीत पक्षहरुसंग छलफल भई रहेको व्यहोरा जानकारी नै छ ।

विश्वविद्यालयले आफ्नो दोश्रो दीक्षान्त समारोह २०७६/१२/१८ गते सम्पन्न गर्न सबै तयारी पुरागरी सूचना प्रकाशित भई सकेको अवस्थामा विश्वव्यापी संक्रमणको रुपमा फैलिएको कोभिड–१९ को कारण उक्त दीक्षान्त समारोह स्थगन गर्नु परेको कारण सम्वन्धीत सबैमा अवगत नै छ । दीक्षान्त समारोह समयमा सम्पन्न गर्न नसकेको कारणले यस विश्वविद्यालयको विभिन्न तहको परीक्षा उत्तिर्ण गरी विभिन्न स्थानमा अध्ययनरत एवं कार्यरत सरोकारवाला विद्यार्थीहरुलाई मर्का परेकोले उक्त विषयलाई मध्य नजर गरी विश्वविद्यालयका कुलपति एवं सम्माननीय प्रधानमन्त्रीको कार्यालयबाट यही २०७८ वैशाख १४ गते मंगलवार विहान ११:०० बजे दोश्रो दीक्षान्त समारोहका लागि पत्र प्राप्त भएको हुँदा सो कार्यक्रम सफल बनाउन विश्वविद्यालयका सम्पूर्ण शिक्षक, कर्मचारी एवं विद्यार्थीको प्रमुख कर्तव्य ( जिम्मेवारी) हुन आउछ । अतः विश्वविद्यालयको केन्द्रीय कार्यालय र अन्य निकाय एवं स्थानहरुमा लगाइएको ताला खोली दोश्रो दीक्षान्त समारोह सम्पन्न गर्न सहज वातावरण सिर्जना गरि दिनुहुनका साथै सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा सक्रिय सहभागिताको लागि यसै पत्रद्वारा अपिल गरिन्छ । साथै आन्दोलनरत विभिन्न संघ, संगठनहरुद्वारा पेश गरिएका मागहरुका सम्वन्धमा छलफलको माध्यमबाट एक हप्ता भित्र सम्बोधन गरिने प्रतिवद्धता समेत यसै अपिल मार्फत जानकारी गराईन्छ ।

रजिष्ट्रार


Tel No.: +977-56-591655, +977-56-591777 Website: www.afu.edu.np Fax: +977-56-592101